# झलारीपिपलाडी नगरपालिका कार्यालय

झलारी,कञ्चनपुर

***कर्मचारी आवश्यकता सम्बन्धी सूचना***

( प्रथम पटक प्रकाशित मिति २०७३।१०।१५ )

यस कार्यालयको लागि **स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ** ( LGCDP ) तपशिलको पद खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न वमोजिमका योग्यता पुगेका उम्मेदवारहरुवाट  यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र ( **अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट** ) दरखास्त आह्वान गरिन्छ ।

| सि.न. | विज्ञापन नम्वर | पद / तह | आ.प्र. / खुला | माग संख्या | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|
| १ | ०७।२०७३।०७४ | ईन्जिनियर सिभिल,अधिकृतस्तर छैठौ तह | खुला, सेवा करार | १ ( एक ) | परीक्षा मिति पछि प्रकाशित गरिनेछ । |

**आवश्यक न्यूनतम  योग्यता**

(क) आवश्यक न्यूनतम योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियर उतीर्ण गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ।

(ख) पेश गर्नुपर्ने कागजातहरु :- दरखास्त साथ  शैक्षिक योग्यताका प्रमाणपत्रहरु (अ) लव्धांक पत्र (आ) चारित्रिक प्रमाणपत्र (ई) सिभिल ईन्जिनियर उतीर्ण गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाण पत्र  र  नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, एवं दरखास्त दस्तुर वुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ  प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल वमोजिम नक्कल ठीकछ भनी दस्तखत गर्नु पर्नेछ ।

(ग) सेवा/सुविधा १. पारिश्रमिक :- **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट निर्धारण गरिए वमोजिम** । २. विदा तथा अन्य सुविधा : सेवा करार सम्झौता अनुसार हुने ।

(घ) काम गर्ने अवधि :-सेवा करार सम्झौतामा उल्लेख गरिने ।

(ङ) कार्य विवरण :- नगरपालिकाले तोके बमोजिम हुने । ( च) परीक्षा किसीम :– लिखित, कम्प्युटर सीप परीक्षण र अर्न्तवार्ता  (छ ) परिक्षा दस्तुर  रु. १०००।००

(च)लिखित परीक्षाको पाठयक्रम : लोक सेवा आयोगले निर्धारण गरेको  निजामती सेवाको  रा.प.तृतिय श्रेणीको सिभिल ईन्जिनियर ( प्राविधिक ) पदको पाठयक्रम र स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ , सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ ।

द्रष्टव्य :–

क) दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

ख) स्थानिय स्वायत्त शासन नियमावली २०५६ नियम २१४ वमोजिम अयोग्य नभएको हुनु पर्दछ ।

ग) परीक्षार्थीले परीक्षा दिदा उत्तरपुस्तिकामा कालो मसी मात्रै प्रयोग गर्नुपर्नेछ । अन्यथा परीक्षा रद्द हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

घ) दरखास्त फारामको नमुना लोक सेवा आयोगवाट राजपत्रांकित  तृतिय श्रेणीको ईन्जिनियर प्राविधिक पदका लागि निर्धारण गरिएको ढाँचामा आवश्यक विवरण भरी तोकेका कागजात सहित साधारण फाईलमा विज्ञापन नम्वर,पद, तह र उम्मेदवारको नामथर लेखी फाईलमा नत्थी गरी वुझाउन सकिनेछ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिईने छैन ।

.............................

रघुनाथ अवस्थी

कार्यकारी अधिकृत तथा पदपुर्ति समिति सदस्य सचिव

Scanned by CamScanner